**कोरोना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ वैशाख २३ गते**

प्रदेश ५ मा वैशाख २३ गतेसम्म ८ हजार १ सय २७ जना व्यक्ति क्वारेण्टाइनमा रहेका छन् । भने ४० जना आइशोलेसनमा रहेका छन् । हालसम्म १ हजार ३ सय ६६ जनाको थ्रोट स्वाब परीक्षण गरिएकोमा १ हजार २ सय ३८ जनाको रिपोर्ट नेगेटिभ आएको छ । १ सय ४ जनाको रिपोर्ट आउन बाँकी रहेको छ । वैशाख २३ गतेसम्म ५ हजार ३ सय ३० जनाको आरडीटी परीक्षण गरिएको छ ।
बाँकेमा वैशाख २३ गते सात जना कोरोना भाइरसका सङ्क्रमित थपिएका छन् । भेरी अस्पतालमा गरिएको स्वाब परीक्षणमा नौ वर्षदेखि देखि ५५ वर्ष उमेर सम्मका चार जना महिला र तीन जना पुरूषमा सङ्क्रमण पुष्टी भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । यससँगै जिल्लामा कोरोना सङ्क्रमितको सङ्ख्या २३ पुगेको छ । रुपन्देहीमा एक जना गरी प्रदेश ५ मा २४ जना सङ्क्रमितको आइसोलेशनमा उपचार भइरहेको छ । जसमध्ये १२ जना महिला र १२ जना पुरुष रहेका छन् ।
नेपालगञ्ज उपमनपामा कोरोना भाइरसका सङ्क्रमित सङ्ख्या बढेपछि जिल्ला प्रशासन कार्यालयले वैशाख २३ गते तीन दिनका लागि निषेधज्ञा जारी गरेको छ । वैशाख २३ गते बिहान ११ बजेदेखि वैशाख २५ गते मध्यरातसम्म निषेधज्ञा जारी गरेको हो ।
कोहलपुर नपाले नगरभित्र प्रवेश र बाहिरीन रोक लगाए पश्चात डिउटीमा जाने स्वास्थ्यकर्मीहरू आवत जावत बन्द भएपछि राष्ट्रिय मानव अधिकार आयोग, नेपालगञ्ज, नेपाल बार एशोसिएशन र इन्सेकको पहलमा वैशाख २३ गते सरोकारवाला निकायसँग गरिएको छलफल पश्चात स्वास्थ्यकर्मीहरूलाई परिचय पत्र चेकजाँच गरि निर्वाध आवत जावत गर्न दिइने सहमति भएको ।
यसैगरी बाँकेमा वैशाख २३ गते प्रहरी र स्थानीयबीच विवाद हुदाँ भएको झडपमा एक जना स्थानीय घाइते भएका छन् । भने आक्रोशित स्थानीयहरूले प्रहरीको बा १ झ ८२८४ नम्बरको गाडीमा तोडफेड गरेका छन् ।
घोराही कारागारमा बन्दीहरूका लागि क्वारेण्टाइन निर्माण गरिएको छ । कैदी, बन्दीहरूलाई कोरोनाको सङ्क्रमणको जोखिम हुने भन्दै नयाँ आउने बन्दीहरूका लागि पाँच जना बस्न मिल्ने क्वारेण्टाइन बनाइएको छ । नयाँ आउने बन्दीहरूका कारण अन्य कैदी बन्दीहरूमा सङ्क्रमण नहोस भनेर क्वारेण्टायन बनाइएको हो ।

**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा**का अनुसार नेपालगञ्ज उपमनपामा कोरोना भाइरसका सङ्क्रमित सङ्ख्या बढेपछि जिल्ला प्रशासन कार्यालयले वैशाख २३ गते तीन दिनका लागि निषेधज्ञा जारी गरेको छ । वैशाख २३ गते बिहान ११ बजेदेखि वैशाख २५ गते मध्यरातसम्म निषेधज्ञा जारी गरेको हो ।
नेपालगञ्ज उपमनपामा वैशाख २३ गते थप सात जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टी भएको छ । भेरी अस्पतालमा गरिएको स्वाब परीक्षणमा नौ वर्षदेखि देखि ५५ वर्ष उमेर समूह सम्मका चार जना महिला र तीन जना पुरूषमा सङ्क्रमण पुष्टी भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । यससँगै जिल्लामा कोरोना सङ्क्रमितको सङ्ख्या २३ पुगेको छ । कोरोना सङ्क्रमण पुष्टी भएकाहरूलाई सुशील कोइराला प्रखर क्यान्सर अस्पतालको आइसोलेशन भर्ना गरिएको गरिएको र सबैको स्वास्थ्य अवस्था सामान्य रहेको छ ।

यसैगरी नेपालगन्जको त्रिवेणी मोडमा स्थानीय र प्रहरीबिच झडप हुँदा एक जना स्थानीय घाइते भएका छन् । भने आक्रेशित स्थानियहरूले प्रहरीको को बा १ झ ८२८४ नम्बरको गाडी तोडफोड गरेका छन ।
कोहलपुर नपाले नगरभित्र प्रवेश र बाहिरीन रोक लगाए पश्चात डिउटीमा जाने स्वास्थ्यकर्मीहरू आवत जावत बन्द भएपछि राष्ट्रिय मानव अधिकार आयोग, नेपालगञ्ज, नेपाल बार एशोसिएशन र इन्सेकको पहलमा वैशाख २३ गते सरोकारवाला निकायसँग गरिएको छलफल पश्चात स्वास्थ्यकर्मीहरूलाई परिचय पत्र चेकजाँच गरि निर्वाध आवत जावत गर्न दिइने सहमति भएको ।
नेपालगञ्ज उपमनपामा कोरोना सङ्क्रमितको सङ्ख्या बढेसँगै कोहलपुर नगरपालिकाको आपतकालिन बैठकले नेपालगञ्ज - कोहलपुर सडक खण्डमा सम्पुर्ण सवारी साधन र आम नागरिकहरू समेतलाई आवत जावतमा रोक लगाए पश्चात नियमित रुपमा डिउटीमा आउने स्वास्थ्यकर्मीहरू प्रभावित भएको घटना सार्वजनिक भएको थियो ।
विशेष गरि भेरी अस्पताल,नेपालगञ्ज र मेडिकल कलेज कोहलपुरमा कार्यरत स्वास्थ्यकर्मीहरु समेत रोकिएपछि स्वास्थ्य सेवा प्रवाहमा समेत असर परेको थियो ।
उक्त घटनाका विषयमा सम्बन्धित अस्पतालका व्यवस्थापकहरूले सहजीकरणका लागि अनुरोध गरेपछि राष्ट्रिय मानव अधिकार आयोग,नेपालगञ्जका उपनिर्देशक चन्द्रकान्त चापागाई, नेपाल बार एशोसियशनका बरिष्ठ उपाध्याक्ष सुनिल श्रेष्ठ , इन्सेक प्रदेश ५ का संयोजक भोला महतको पहलमा वैशाख २३ गते कोहलपुर नपाका मेयर लुटबहादुर रावत, कार्यकारी अधिकृत विरेन्द्र भारती र नेकपाका जिल्ला सचिव अशोक कोईराला, भेरी अस्पतालका डा.बद्रि चापागाई, मेडिकल कलेजकी मञ्जु कोइरालासँगको छलफछल पश्चात नेपालगञ्जबाट कोहलपुर र कोहलपुरबाट नेपालगञ्ज आउने जाने स्वास्थ्यकर्मीहरूलाई परिचय पत्र चेकजाँच गरि निर्वाध आवत जावत गर्न दिइने सहमति भएको इन्सेक प्रदेश ५ का संयोजक भोला महतले बताउनु भयो ।
पछिल्लो समय बाँके भित्र रहेका स्थानीयहरूले जनप्रतिनिधिहरूको निर्देशनमा ठाँउ / ठाँउमा बास, काठ र डोरी लगाएर आवत जावतमा रोक लगाएका छन । जसका कारण अति आवश्यकिय एम्बुलेन्स, दमकल, प्रहरीका साधन आदी समेतलाई आवत जावतमा असहज भएको छ ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार घोराही कारागारमा बन्दीहरूका लागि क्वारेण्टाइन निर्माण गरिएको छ । कैदी, बन्दीहरूलाई कोरोनाको सङ्क्रमणको जोखिम हुने भन्दै नयाँ आउने बन्दीहरूका लागि पाँच जना बस्न मिल्ने क्वारेण्टाइन बनाइएको जिल्ला कारागारका जेलर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो ।
कारागारमा आउने नयाँ बन्दीहरू आएकै दिन अरू कैदी / बन्दी बसेको ठाउँमा राख्दा कोरोना जोखिम हुने भएकाले छुट्टै क्वारेण्टाइनको व्यवस्था गरिएको उहाँले बताउनु भयो । पाँच जनाका लागि बनाइएको क्वारेण्टाइनमा हाल सात जना राखिएको जेलर पाण्डेले जानकारी दिनुभयो । उहाँले १४ दिनसम्म क्वारेण्टाइनमा राखेर उनीहरूलाई अन्य कैदी/बन्दी सँग राखिने बताउनु भयो । जिल्ला कारागारमा हाल २ सय ८५ कैदी/बन्दी छन । यसैगरी कारागारमा आफन्तसँग भेटघाट पनि बन्द गरिएको छ । यसैगरी ४ सय ६५ कैदी/बन्दी रहेको तुलसीपुर कारागारमा पनि आफन्तसँग भेटघाट बन्द गरिएको जेलर युवराज परियारले जानकारी दिनुभयो ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती आचार्य**का अनुसार नेपाल भारत सिमा क्षेत्र बन्द गरिए पनि वैशाख २२ गते राती सिमा क्षेत्रमा खटिएका सुरक्षाकर्मीहरूले भारतदेखि आएका ९९ जना

नेपालीहरूलाई नियन्त्रणमा लिई दशगजामा राखिएको छ । भारतले  क्वारेण्टाइनमा नराख्ने भएपछि समस्या भएको जिल्ला  प्रशासन कार्यालयले जनाएको छ । यस  बिषयमा सम्बन्धित  क्षेत्रका वडा अध्यक्ष र सुरक्षाकर्मीहरूसँग   बैठकको  तयारी भएको छ । अहिले उनीहरूलाई त्रिपाल मुनि राखिएको प्रमुख जिल्ला अधिकारी दिर्घ नारायण पौडेलले वताउनु भयो ।
शिबराज नपा क्षेत्रभित्रमा कार्यरत शिक्षकहरूले शिबराज नपाको प्रकोप व्यवस्थापन कोषमा ८ लाख ८४ हजार ८सय ७९ रुपियाँ सहयोग गरेका छन् ।

**इन्सेक प्यूठान जिल्ला प्रतिनिधि रविन्द्र पाण्डे**का अनुसार जिल्लामा कोरोना परीक्षण गर्ने किट को अभाव रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।
अहिले जिल्लामा ९ सय २५ जना व्यक्तिहरू क्वारेण्टाइनमा रहेको र ३ सय १२ जनाको आरडीटि परीक्षण गरी  रिर्पोट नेगिटभ आएर घर पठाइएको र  अन्यको  आरडीटी परीक्षण गर्ने समय भएपनि किट नभएका कारण गर्न नसकिएको सहायक प्रमुख जिल्ला अधिकारी गौरव पन्थीले बताउनु भयो । उहाँले प्रदेश मन्त्रालयमा माग गरेको बताउनु भयो ।
लकडाउनमा जिल्ला बाहिरबाट  बाट जिल्ला भित्रिएका व्यक्तिहरूको  २१ दिनसम्म क्वारेण्टाइनमा राखेर परीक्षण गर्ने समय हुदाँ समेत किट  अभाव रहदा क्वारेण्टाइनमा रहेका व्यक्तिहरूले गुनासो गरेको स्थानीय तहहरूले जनाउका छन् ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार बढैयाताल गाउँपालिकाको वैशाख २२ गतेको सर्बपक्षिय बैठकबाट छिमेकी जिल्ला बाँकेमा कोरोना भाइरसको सङ्क्रमण देखिएपछि गाउँपालिकाको सिमासँग जोडिएको कारण थप जोखिम बढ्न सक्ने भएकाले बाँकेसँग जोडिएका सिमा बन्द गर्ने र जिल्लाका अन्य सिमासँग जोडिएका स्थानीय तहबाट प्रवेश रोक लगाउने निर्णय गरेको छ । भारत र अन्य जिल्लासँग जोडिएका सिमा क्षेत्रमा सुरक्षा चेक जाँच बढाउन थप सुरक्षा जनशक्ति बढाउन जिल्ला प्रशासनलाई अनुरोध गर्ने । लकडाउनका कारण अत्यावश्यक सामान अभाव हुन नदिन उधोग बाणिज्य संघले आवश्यक पहल गर्ने,
कृषकहरूलाई आवश्यक मल बिउ समयमा व्वस्थापन गर्न सम्बन्धित निकायमा गाउँ पालिकाले आवश्यक सहजिकरण गर्ने  लगायतका निर्णय भएका छन् ।

**इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार समाजिक सुरक्षा भत्ता लिन जिल्लाका ज्येष्ठ नागरिकहरू जिल्लाको सदरमुकाम रामग्राम नगरपालिका , परासी अन्तर्गतका बैंकहरू लाइन लाग्नु परेको छ । लकडाउन र समाजिक दुरी विपरित लाइन बस्नु परेकोले कोरोनाको जोखिम रहेको छ ।
यसैगरी सदरमुकाम परासी लगायतका अन्य ठाउँमा पनि साँझमा मानिसहरू बाहिर निस्कने गरेका छन् ।  जिल्लाका सहकारी संस्था ,बिउबिजन केन्द्रहरूमा पनि किसानहरूको भिँडले जोखिम बनाएको छ । जिल्ला प्रशासनले अवस्था हेरेर अत्यावश्यक अवस्थालाई मध्यनजर गर्दै लकडाउन अलि खुकुलो बनाएको जनाएको  छ ।

**इन्सेक अर्घाखाँची जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार बाँके जिल्लामा कोरोना सङ्क्रमित बढदै गएपछि  अर्घाखाँची  जिल्लामा लक डाउनलाई कडाइ बनाइएको छ । प्रहरीले अत्यावश्यक

काममा बाहेक अन्य काममा बाहिर निस्कन्ने र लक डाउन  पलना नगर्नेलाई कारवाहीको दायरामा ल्याएको छ ।
पाणीनी गाउँपालिका र छत्रदेब गाउँपालिकाले जिल्ला आयुर्बेद कार्यालयसगँको सहकार्यमा कवारण्नटाइनमा रहेकाहरुका लागि तनाव कम गराउन योगभ्यास सञ्चालन गरेका छन ।
मालारानी गाउँपलिकाले क्वारेण्टाइनमा रहेका ३२ जनाको आरडीटी परीक्षण  गरिएकोमा  सबै जनाको रिपोर्ट नेगेटिभ आएको अध्यक्ष बालकृष्ण आचार्यले जानकारी दिनुभयो ।
जिल्ला अस्पतालमा स्वाब सङ्कलनको लागि एटियम बुथ तयार गरेको डा. कपिल गौतमले जानकारी दिनुभयो ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार रेसुङा नगरपालिका र धुर्कोट गाउँपालिकाका ६८ जनाको पिसिआर परीक्षणका लागि स्वाब नमुना सङ्कलन गरिएको छ । भारतबाट आएर  रेसुङा नपास्थित  महेन्द्र माविको क्वारेण्टाइनमा रहेका १४ जनाको स्वाब सङ्कलन गरिएको स्वास्थ्य संयोजक बोम अर्यालले जानकारी दिनुभयो । उनीहरू नेपाल-भारत नाकाको सुनौलीमा २८ दिन अलपत्र अवस्थामा बसेका थिए ।
यसैगरी धुर्कोट गाउँपालिकाले भारत र जिल्ला बाहिरबाट आएका ५४ जनाको स्वाब नमुना सङ्कलन गरेको छ । भैरहवास्थित प्रयोशालामा परीक्षण गर्ने केमिकल अभाव भएपछि कुन ठाउँमा पठाउने भन्ने बिषयमा छलफल भइरहेको गाउँपालिकाले जनाएको छ ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार सीमा नाकाबाट स्थानीय तहका जनप्रतिनिधिकै सहयोगमा भारतमा गएका नागरिकहरू नेपाल भित्रिएको गुनासो आएपछि प्रदेशसभा सदस्य र रुपन्देहीका सुरक्षा निकायका प्रमुखहरू वैशाख २३ गते सिमा क्षेत्रको मर्चवारको अनुगमन गर्नु भएको छ । मर्चवार क्षेत्रबाट लुकी छिपी मानिसहरुलाई ल्याउन दिएको गुनासो आएपछि प्रदेश सभा सदस्य र प्रहरी प्रमुखहरू फिल्डमा खटेर जनप्रतिनिधिलाई सचेत बनाएका हुन् ।
प्रदेशसभा सदस्य सन्तोष कुमार पाण्डेय, एसपी हेमकुमार थापा र सशस्त्र प्रहरीका एसपी तेज पोखरेल सहितको सुरक्षा निकायको टोली रुपन्देहीको सम्मरीमाई गाउँपालिका-३ स्थित तरैनी नाका र मर्चवारी गाउँपालिका-१ स्थित खैराघाट नाका पुगेर स्थानीय तहका जनप्रतिनिधि र स्थानीयवासीलाई कोरोना विरुद्ध लड्नका लागि सीमा क्षेत्रको अनुगमन गर्न स्थानीयहरूले आग्रह गर्नु भएको थियो ।
जिल्ला प्रहरी कार्यालयका  एसपी हेमकुमार थापाले प्रहरीको एक्लो प्रयासले मात्र कोरोनाको महामारी विरूद्ध लड्न नसकिने भएकोले प्रहरीलाई नागरिकको सहयोग आवश्यक रहेको बताउनु भयो । भारतमा अलपत्र परेकालाई  ल्याउन खोज्नु स्वभाविक भएपनि महामारीबाट हुने क्षतिका विषयमा स्थानीय जनप्रतिनिधिहरूले समुदायलाई बुझाउनु पर्ने बताउनु भयो ।
सम्मरीमाई गाउँपालिकाका अध्यक्ष जितेन्द्रनाथ शुक्ला (बब्लु)ले परिवार, गाउँ र समाज बचाउन केही समयको लागि कष्ट सहनुपर्ने बताउदै सबैलाई सुरक्षित बनाउनु नै अहिलेको प्रमुख कार्य भएको बताउनु भयो ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**